

पार्टीले जनमत संग्रहमा भाग लिने/नलिने निर्णयकालागि बसेको बैठक होस् वा अनेमसंघ गठन गर्ने जस्ता महत्वपूर्ण निर्णय उहाँकै घरमा (सेल्टर) भएका थिए । ७५ वर्षिया बालकुमारी थापा अहिले भने मुटुमा पेसमेकर राखेर बस्नु भएको छ ।

# कम्युनिष्ट नेता बचाउने : बालकुमारी थापा 'उमा दिदी'



● मुनु सिग्देल

नयाँ पुस्ताका कम्युनिष्ट नेता कार्यकर्ता धेरैका लागि नसुनिएको नाम हो भने पुराना नेताहरुले बिर्सिएको नाम हो, बालकुमारी थापा 'उमा दिदी' । तत्कालीन भूमिगत कम्युनिष्ट पार्टीको राजनीतिदेखि नै पार्टी सम्पर्कमा रहनु भएकी उहाँ मकवानपुरमा पार्टीको 'सेल्टर घर' की आमा पनि हुनुहुन्छ। थापाको घर त उहाँको घर मात्रै नभई कम्युनिष्ट पार्टीको केन्द्रीय कार्यालय नै थियो भन्दा फरक पर्दैन । मकवानपुरको पहिलो सेल्टर उहाँकै घर भएको त्यतिबेलादेखि राजनीति गर्ने नेताहरू नै बताउँछन् ।

वि.सं. २००१ श्रावण १ गते बाबु कालीबहादुर पुलामी र आमा कान्छीमाया पुलामीको कोखबाट पहिलो सन्तानको रुपमा ललितपुर जिल्ला तत्कालीन प्यूटार गाउँ पञ्चायत वडा नं. ६ खैरेनीमा उहाँको जन्म भएको हो । बाल्यकाल त्यही गाउँमा बित्यो। २०११ सालमा प्यूटारबाट बसाई सरेर मकवानपुर गढीमा परिवारसहित जानुभयो। त्यहीँबाट २०१५ सालमा तत्कालीन हटिया गाउँ पञ्चायत हाल हेटौंडा १७ नं. वडा राजदेवीका तिलकबहादुर थापासंग विवाह गर्नुभयो । सानैदेखि केही विद्रोही र परिवर्तन चाहने स्वभाव थियो ।

## पार्टीका बैठकहरू

२०३३/२०३४ सालदेखि नै पार्टीका बैठक उहाँका घरमा हुँदै आए। ती बैठकहरुमा मदन भण्डारी र जीवनराज आश्रितदेखि, सीपी मैनाली, माधवकुमार नेपाल, झलनाथ खनाल, अमृत बोहरा, मुकुन्द न्यौपानेलगायत हुन्थे । उहाँको घरमा केन्द्रीय कमिटीको बैठक ५/६ पटक जति बसेको नेता न्यौपाने स्मरण गर्नुहुन्छ। २०३६ सालमा भएको जनमत संग्रहमा पार्टीले भाग लिने नलिने भन्ने महत्वपूर्ण निर्णय उहाँकै घरमा बसेर पार्टी केन्द्रीय कमिटीको बैठकले गरेको थियो। पार्टीको जनवर्गीय संगठन अनेमसंघ स्थापना गर्नुपर्छ भन्ने निर्णय गर्न बसेको नेता महिलाहरुको तयारी बैठक पनि उहाँकै घरमा भएको थियो । अन्य यस्ता सूची लामै छन् ।

त्यतिबेला पञ्चायतको गढ नै थियो मकवानपुर । पञ्चायतको बलियो शासन भएको जिल्ला भए पनि भूमिगत कम्युनिष्ट राजनीति अगाडि बढाउन बालकुमारी

थापा जस्ता सेल्टरदाताहरु विना संभव थिएन । पार्टीले निर्धक्क राजनीति गर्न सक्ने वातावरण बनाइदिनु हुन्थ्यो उहाँ । छरछिमेकबाट पीठोसामल मागेर ल्याएर होस् वा सुत्ने ठाउँको व्यवस्था गरिदिएर भए पनि भोकै वा अनिदो राख्नु हुन्नथ्यो ।

उहाँ सानैदेखी अन्यायको विरोध गर्ने जुझारु स्वभावको हुनुहुन्थ्यो । मकवानपुरको तत्कालीन पुर्वी क्षेत्र हटिया र हर्नामाडी गाविसमा परिवर्तनको लहर चलिसकेको थियो । बद्रीप्रसाद खतिवडाको सम्पर्कमा आइसक्नु भएको थियो । खतिवडा त्यतिबेला शिक्षक हुनुहुन्थ्यो, खुला रहेर पार्टीको काम लुकीलुकी गर्नुहुन्थ्यो । थापा पनि २०२१ सालमा खतिवडामार्फत नै पार्टी सम्पर्कमा आउनु भएको हो । हटियालाई नै केन्द्र मानेर स्थानीय किसानहरुलाई संगठित गर्ने जमिन्दारको विरुद्धमा विभिन्न आन्दोलन भैरहेका थिए । २०२४ सालमा किसानहरुले जमिन्दारका बीउ खोसेर खोलामा बगाइदिए । जुन 'बीउ काण्ड' को रुपमा चर्चित आन्दोलन हो । त्यो घटनापछि व्यापक धरपकड सुरु भयो । खतिवडालगायत थुप्रै अगुवाहरु गिरफ्तारीमा पर्नुभयो । धेरै किसान नेताहरुलाई प्रशासनले वारेन्ट जारी गरेको थियो । थापाले त्यो आन्दोलनका आन्दोलनकारीहरुलाई संरक्षण गर्ने, खाना खुवाउने काम गर्नुभएको मकवानपुरका पुराना नेताहरु सम्झिन्छन् ।

राज्यविरुद्ध हिंडेकाहरुलाई संरक्षण दिनु र सहयोग गर्नु सानो कुरा होइन । त्यस क्रममा परिवारमा जस्तो सुकै अप्ठयारो भए पनि कहिल्यै विचलित नभई पार्टीलाई सेल्टर दिने नेताहरुको संरक्षण गर्ने, पार्टीका महत्वपुर्ण दस्तावेज, कागजात, निर्देशन विभिन्न अन्य सेल्टरहरुमा सुरक्षित साथ पुऱ्याउने जस्ता कामको जति प्रशंसा गरे पनि पुग्दैन । त्यसका साथै स्थानीय महिलाहरुलाई संगठित गर्ने, नियमित पार्टीका बारेमा बताउने (कक्षाहरु चलाउने), किसान, विद्यार्थीहरुलाई आन्दोलनको पक्षमा गोलबन्द गर्न पनि सक्रिय हुनुहुन्थ्यो । दिनभर ज्याला मजदुरी वा खेतबारीमा (कृषि कार्य) मा खटिने र र रात परेपछि भने विभिन्न सेल्टरहरुमा बैठक चलाउन आफैं जानुहुन्थ्यो । उहाँले पढाएको अध्ययन समुह मध्ये एउटा समुहको एक सदस्य यो पङक्तिकार पनि हो । देशमा सामन्ती निरंकुशता रहेसम्म मुक्ति

पाउँदैनौं, महिला अधिकार पाउनका लागि निरंकुशता हटनुपर्छ भनेर सिकाउनु हुन्थ्यो ।

सामान्य निम्न वर्गीय किसान परिवार भएकाले घरमा प्राय: आर्थिक अभाव हुन्थ्यो । तर आफ्नो परिवारलाई नखुवाएर पनि पार्टी नेताहरुलाई पेटभरि खुवाउनु हुन्थ्यो । घरमा अन्न, तेल, मसला भएको बेला नेताहरु आउँदा खुशी लाग्थ्यो उहाँलाई । उहाँको श्रीमानको साधारण जागिर थियो । महिना/दुई महिनामा जागिरबाट घर आउँदा दाल, नुन, मसला, चिनी जस्ता घरायसी सामान ल्याउनु हुन्थ्यो, अर्को पटक नआउँदासम्म पुऱ्याउनु पर्ने गरी । तर नेताहरु गइरहने भएकाले कहिलेकाहीं हप्ता दिनमै सकिन्थ्यो । तर अँधिया बारीको उब्जनी र अैंचोपैंचो, सापटी गरेर जसोतसो पुऱ्याउनु हुन्थ्यो । नहुँदा कसरी खुवाउने होला भन्ने चिन्ता भए पनि चिन्ताभन्दा बढी उपाय खोज्नुहुन्थ्यो । सरसापट, अैंचोपैंचो गरेर पनि उहाँले खुवाउनुभयो । पार्टी बैठकहरु बस्दा तीन छोरालाई गार्ड (सुरक्षाका लागि घरदेखि पर) राख्ने गरेको सम्झिँदा भक्कानिँदै भन्नुभयो, मेरै घरमा छिन्ताङ काण्ड पनि त हुन सक्थ्यो, त्यही भएर घरमा आएका नेताहरुको सुरक्षा गर्नु मेरो जिम्मेवारी थियो । पारिवारिक सहयोग पुरै नभएको त होइन, थापा भन्नुहुन्छ, सहयोग थियो पनि थिएन पनि ।

## अनेमसंघ स्थापना

२०३७ सालमा अखिल नेपाल महिला संघको स्थापना भयो । २००४ सालदेखि महिलाहरु संगठित भए पनि पार्टीकै जनवर्गीय संगठन नभएकाले अनेमसंघ स्थापना गर्ने निर्णय भयो । अनेमसंघ स्थापनाको तयारी गर्नउहाँकै घरमा भेलाभएको थियो । त्यो भेलामा भूमिगत राजनीतिमा हिंडेका अष्टलक्ष्मी शाक्य, शान्ता मानवी, सुशीला श्रेष्ठ, राधा ज्ञवाली, गौरा प्रसाईं रविलक्ष्मी चित्रकार लगायत पार्टी नेताहरू मदन भण्डारी, झलनाथ खनाल, माधव नेपाल, अमृत बोहरा, मुकुन्द न्यौपाने लगायतका नेताहरू पनि सहभागी हुनुहुन्थ्यो ।

पुनर्गठित अनेमसंघको अध्यक्ष शान्ता मानवी हुनुभयो । मानवीका अनुसार अनेमसंघ गठनको घोषणा भने कास्कीको पुरनचौरमा भएको अर्को भेलाबाट भएको थियो । तर भेलाले अनेमसंघ गठनको महत्वपूर्ण पूर्वाधार बनाएको थियो । उहाँले महिलाहरु मात्र होइन विद्यार्थी र किसान महिलाहरुको ६ वटा

पार्टी 'सक्रिय दल' चलाउनु हुन्थ्यो । जसमा चुच्चेखोला, गैरीगाउँ, गँगटे, राजदेवी, गुवावारी र गढीमा गरेर दर्जनौं महिलाहरु संगठित गरेका थिए । तिनै स्कुलबाट उत्पादन भएकाहरु नै अहिले जिल्लाका विभिन्न नेतृत्वमा रहेर पार्टी जिम्मेवारी पुरा गरिरहेका छन् भने कतिपय केन्द्रीय नेतृत्वमा छन् ।

थापा आफैंले चाहिं २०३७ सालमा मात्रै नेपाल कम्युनिष्ट पार्टी (माले) को सदस्यता प्राप्त गर्नुभयो । पार्टी सदस्यको सपथ खाएको दिन जीवनमै सबैभन्दा खुशीको दिन भएको अहिले पनि सम्झिनुहुन्छ । त्यो समयमा पार्टीले पत्याएर सदस्यता पाउनु भनेको अत्यन्तै गौरवको विषय थियो । अहिले जस्तो जसलाई जति बेर पनि दिने चलन हुँदैनथ्यो । लामो छानबिन र पर्खाइपछि पाइने भएर पनि होला, सदस्यता पाउँदा गर्व लाग्थ्यो । हतारमा दिँदा खराब मान्छे पार्टीमा आउने खतरा रहन्थ्यो । त्यसैले अहिले पनि पार्टीलाई मजबुद र अनुशासित बनाउने हो भने पार्टी सदस्यतालाई कडाई गर्नुपर्ने उहाँको सुझाव छ ।

केन्द्रमा २०३८ सालमा अनेमसंघको पूर्ण गठन भएपछि मकवानपुरमा २०३९ सालमा जिल्ला समिति बन्यो । हेटौंडा ९ स्थित चौधघरेमा पहिलो जिल्ला महिला भेला भयो र त्यही भेलाले उहाँको अध्यक्षतामा अखिल नेपाल महिला संघ मकवानपुर जिल्ला समिती गठन गऱ्यो ।औपचारिक भेलाबाट बनेको पहिलो जिल्ला समिती यो नै थियो ।

मकवानपुर जिल्लाको पूर्वी क्षेत्र कम्युनिष्टको उर्वर भुमिको रुपमा विकास हुँदै थियो । देशमा पञ्चायती निरंकुशता थियो । पार्टी र पार्टीका जनसंगठन प्रतिबन्धित थिए । दिनभर खेती किसानी गऱ्यो अनि रात परेपछि पार्टीको काम सुरु हुन्थ्यो । राती हिंड्दा अन्दाजकै भरमा बाटो पहिल्याउनु पर्थ्यो । टर्च वा अन्य कुनै उज्यालो बाल्न पाईदैनथ्यो । त्यस्तैमा एकदिन उहाँ लड्नुभयो । २०४० सालको भाद्र महिना बिहानको ३ बजे पार्टी बैठक सकेर हटियाकै राई गाउँबाट आमभञ्ज्याङ्ग जाँदै गर्दा कर्रा खोला तर्नुपर्ने तर खोलामा बाढी आएको रहेछ । समतल ठाउँ भएकाले सलल छिटो बगिहाल्ने ठाउँ थिएन । खोलाको छेउमा जमेको पानी कुलो जस्तै थियो । उहाँसँग नेता काशीनाथ अधिकारी (क. रोशन) हुनुहुन्थ्यो । उहाँले हात दिएर बल्लबल्ल निस्कन सफल हुनुभयो । यो

घटनालाई क. अधिकारीले पनि ठूलो दुर्घटनाबाट बचेको रुपमा सम्भिmरहेको बताउनुभयो । अधिकारीका अनुसार त्यति गर्दा पनि भिजेको कपडा नै लगाएर अर्को ठाउँमा भनेकै समयमा पुगेपछि मात्र कपडा फेर्नुभयो । यसले उहाँको पार्टीप्रतिको जिम्मेवारी र आफूलाई भन्दा पार्टीलाई दिएको महत्व प्रष्टै हुन्छ । पार्टीका महत्वपुर्ण दस्तावेजका २ वटा झोला पनि बालकुमारी दिदीले नै बोक्नु भएको थियो । आफ्नोभन्दा पनि त्यो झोला कसरी जोगाउने, पाटीका दस्तावेजहरु बिग्रिने चिन्ता बढी लागेको उहाँ सम्झिनुहुन्छ । पार्टी नेता र पार्टी सामग्री भनेपछि असाध्यै माया गर्ने बानी थियो । पार्टीलाई माया गर्ने पार्टीको आमा नै हो उहाँ ।

२०४५ फागुन २५ गते अन्तराष्ट्रिय श्रमिक महिला दिवस पार्टी कै निर्देशनमा हेटौंडा कपडा उद्योग र साबुन उद्योगको बीचको चौरमा भेला हुने र त्यहींबाट नारा जुलुसका साथ बजार जाने कार्यक्रम थियो । उहाँ (बालकुमारी दिदी) र म सँगै गयौं । औद्योगिक क्षेत्रमा प्रवेश गर्न नै नदिनेगरी सुरक्षा घेराबन्दी गरिएको रहेछ । ८ मार्चलाई आन्दोलनकै एउटा अङगको रुपमा मनाउने तयारी गरिएको थियो । जसअनुसार पहिलो पंक्तिमा महिलाले नेतृत्व गर्ने र दायाँ बायाँ पुरुषहरु रहने तयारी भएको थियो । दिदीको नेतृत्वमा घेरा तोड्न जुलुस अगाडि बढ्यो प्रहरीसँग मुठभेड भयो । तानातानमा दिदी लछारपछारमा पर्नुभयो । चोट लाग्यो तर त्यसको कुनै मतलब नगरी अझ दिदी अगाडि बढिरहनुभयो, हामी पनि अगाडि बढ्यौं । कर्रा खोला तरेर हुप्रचौरमा पुगेपछि फेरि घेरा बन्दीमा परियो, प्रहरीसँग मुठभेड भयो । हामी जसरी पनि कार्यक्रम सम्पन्न गर्ने गरी लाग्यौं तर त्यहाँबाट अगाडि बढ्न दिइएन । प्रहरीले हामीलाई गिरफ्तार गर्‍यो । दिदी मलाई जोगाउन चाहनुहुन्थ्यो । तर सक्नु भएन आफैं पनि गिरफ्तारीमा पर्नुभयो । हामीलाई प्रहरी हिरासतमा राखेर साँझमा छाडियो ।

२०४६ फागुन ७ गते मकवानपुरमा वामगठबन्धनको नेतृत्वमा आन्दोलन सुरु भयो । आन्दोलनको पहिलो दिन व्यापक दमन भयो । धेरै आन्दोलनकारीहरुको गिरफ्तारी भयो । एकजना प्रहरी पनि आन्दोलनकारीको मुठभेडमा मारिए, उनको बन्दुक पनि खोसियो । आन्दोलनकारी ३ जना लाई गोली लाग्यो, कयौं घाईते भए । पहिलो दिनपछि प्रहरीले व्यापक दमन गर्‍यो । मकवानपुरको पुर्वी

क्षेत्र पार्टीको सेल्टरहरुमा अत्यन्त क्रुर ढंगबाट महिलाहरु माथि दमन गऱ्यो । घरका पुरुष सदस्यहरु भुमिगत भएपछि घरमा भएका महिला बालबालिकामाथि अत्यन्त अमानवीय व्यवहार गऱ्यो । पार्टीका केही सेल्टरहरु मात्र सुरक्षित भए । त्यहीँबाट बिस्तारै फेरि पार्टी सम्पर्क सुरु गर्नुपऱ्यो । ती केही सुरक्षित सेल्टर मध्ये दिदीको घर पनि एक थियो । उहाँकै घरबाट फेरि पार्टीको काम सुरु भयो । तितरबितर भएको नेतृत्वलाई फेरि समेटेर आन्दोलन अगाडि बढ्यो । २०४६ सालको आन्दोलनको उपलब्धिको रुपमा देशले बहुदल प्राप्त गऱ्यो । निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भयो । पार्टी माथिको प्रतिबन्ध फुकुवा भयो । जनसंगठनहरु पनि खुल्ला रुपमा गतिविधि गर्न सक्ने भए । त्यसपछि बल्ल सास फेर्न पाए जस्तो भयो ।

२०४७ सालमा अखिल नेपाल किसान संघको तेस्रो राष्ट्रिय सम्मेलन भव्यरुपमा भयो । त्यसबेला पार्टीको महासचिव क. मदन भण्डारी हुनुहुन्थ्यो । लामो समयदेखि किसान संघको नेतृत्वमा अमृत बोहरा हुनुहुन्थ्यो । तेस्रो सम्मेलनबाट फेरि अमृत बोहरालाई नै अध्यक्ष निर्वाचित गऱ्यो । त्यतिखेर किसान संघको केन्द्रिय समितिमा म चुनिउ । म अखिल नेपाल किसान संघको केन्द्रिय सदस्य भएर किसानहरूको बीचमा सक्रियतापूर्वक लागे ।

उहाँले २०३९ मा अनेमसंघको पहिलो महिला भेलाबाट तदर्थ समिती बनेर २०४० सालमा पहिलो सम्मेलनदेखि निरन्तररुपमा अनेमसंघ मकवानपुरको नेतृत्व गर्नुभयो । अनेमसंघको जिल्ला अध्यक्ष, केन्द्रीय सदस्य, केन्द्रीय परिषद सदस्य र अहिले केन्द्रीय सल्लाहकार हुनुहुन्छ । २०४६ पछि भएको पार्टीको पहिलो अधिवेशनबाट पार्टी जिल्ला सदस्य निर्वाचित हुनुभयो । पार्टी जिल्ला सदस्यको रुपमा निरन्तर जिम्मेवारी पुरा गर्दै, पार्टी अञ्चल कमिटी सदस्य, राष्ट्रिय परिषद सदस्य हुँदै हाल पार्टीको बागमती प्रदेशको सल्लाहकार हुनुहुन्छ ।

निरन्तर पार्टी जिम्मेवारीमा रहनुभयो तर लाभको पदमा एकपटक त्यो पनि जिल्ला विकास समितिको सदस्य मात्रै हुनुभयो । २०५४ सालको स्थानीय तहको निर्वाचनमा जिल्ला विकास समितिको महिला सदस्यको रुपमा मनोनित हुनुभई ५ वर्षे कार्यकाल पुरा गर्नुभयो । ०५४/५५ मा क. अमृत

बोहरा नेकपा (एमाले) बाट सरकारको स्थानीय विकास मन्त्री हुनुहुन्थ्यो। त्यसबेला स्थानीय निकाय सबल बनाउन "स्थानिय स्वायत्त शासन ऐन" बनेको थियो। त्यो ऐनले स्थानीय निकायको प्रत्येक तहमा एकजना महिला र दलित सदस्य अनिवार्य हुनुपर्ने महत्वपुर्ण व्यवस्था भएकोले म पनि जिविस सदस्यमा मनोनित भए। ऐनमा भएको त्यो व्यवस्थाले झण्डै ३६ हजार स्थानीय निकायमा महिला नेतृत्वको विकास गरेको थियो। यो कुरालाई उहाँले राम्ररी सम्झि राख्नु भएको छ। जिविसको उपसभापतिमा उम्मेदवार लड्न खोज्दा उहाँलाई लड्न नदिएर महिला सदस्यमा सिमित गरेकोमा भने उहाँ दुःखी हुनुहुन्छ। सिंगो पार्टीको संरक्षक, घरलाई पार्टी कार्यालय जस्तै बनाइदिएर पार्टी अघि बढ्यो। मकवानपुरमा कम्युनिष्ट पार्टीको संस्थापकको भूमिका निर्वाह गर्नुभयो। २०४६ सालपछि पनि पार्टीले दिएको जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्नुभयो। उहाँले कहिल्यै व्यक्तिगत माग पार्टीमा नराखेको उहाँलाई चिन्ने नेताहरु नै बताउँछन्। कतिपय नेताहरु पार्टीले उहाँ जस्ता नेताहरुको योगदानलाई चटक्कै बिर्सेर अवसरवादीहरुलाई अघि बढाएको पनि बताउँछन्।

## महिला स्वास्थ्य स्वयम्सेविका

राजनीतिक कार्यकर्ता वा नेता मात्रै होइन सामाजिक काममा पनि त्यत्तिकै खटिएर लाग्नु भएको थियो उहाँ। २०३५/२०३६ सालदेखि नै महिला स्वास्थ्य स्वयंसेविका भएर समेत काम गरेकाले धेरै सुत्केरी महिला र नवजात शिशुको ज्यान बचाउनु भएको छ। स्वयंसेविका भएर घरघरै गएर स्वास्थ्यसँगै पार्टीको कुरा पनि गर्नुहुन्थ्यो। परिवर्तनका पक्षमा, अन्याय र अत्याचारको विरुद्धमा चेतना भर्नुहुन्थ्यो। त्यही स्वास्थ्यको ज्ञान भएकैले आन्दोलनका घाईतेहरुलाई कयौं पटक उपचार पनि गर्नुहुन्थ्यो। उहाँकै घरमा पनि अन्य मान्छेहरु आउँदा धेरैले शंका नगर्ने एउटा कारण स्वयंसेविका भएर पनि भएको उहाँ बताउनुहुन्छ।

पार्टी काम र स्वयंसेविकाको काम एकैपटक गर्दै लैजानुभयो। राती राती सुत्केरी हुन नसकेका महिलाको खबर आउनासाथ पुगी हाल्नुहुन्थ्यो। हजारौं सुत्केरी र नवजात शिशुलाई स्वस्थ बनाउनु भएको छ। उहाँकै पहलमा गाउँमा खोप केन्द्र बनाउनु भयो। खोप केन्द्रको अभावमा महिलाहरुको गर्भ जाँच

गराउन र बच्चालाई खोप लगाउन कर्रा खोला तरेर जानुपर्थ्यो । टाढा भएकाले कति त जाँदैनथे तर खोप केन्द्र नजिकै भएका कारण विशेष गरी महिला र बालबालिकालाई सेवा लिन सहज भएको छ । खोप केन्द्र भएकै भवनमा सामुदायिक सभाहल पनि बनेको छ । जहाँ महिलाहरु भेला भएर अधिकारको कुरा गर्ने, ज्ञानसिप बाँड्ने सिक्ने थलो पनि भएको छ ।

व्यक्ति व्यक्तिलाई मात्र होइन पार्टी र पार्टी नेता कार्यकर्ताका लागि वर्षौं संघर्ष गर्नुभएकी उहाँ अहिले भने आफैं बिरामी हुनुहुन्छ । श्वासप्रश्वास सम्बन्धी समस्याका कारण दोश्रो पटक शल्यक्रिया गरी मुटुमा 'पेसमेकर' राखिएको छ । औषधि नियमित सेवन गर्नुपर्छ । काठमाडौं आएर उपचार खर्च पुऱ्याउन धौधौ छ । यस पटक हेटौंडा उपमहानगरपालिकाले उपचार खर्चमा सहयोग गरेको उहाँले बताउनुभयो । कयौं धनीहरुले नै राज्यकोषबाट लाखौं उपचारका नाममा रकम लिन्छन् । उहाँकै पार्टी (नेकपा) कै नेताहरु सानोतिनो स्वास्थ्य समस्या देखिए पनि लाखौं खर्चिएर विदेशमा उपचार गराउन भन्दै पुग्छन् । तर आफ्नै पार्टी सरकारमा हुँदा पनि न सरकारले खोजेको छ, न देखेको छ । न उपचार खर्च चाहियो भनेर कहिल्यै सोधेको नै छ । एकपटक गंगालाल अस्पतालमा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल पुगेर उपचार खर्चमा छुट गराउने व्यवस्था गरिदिएको उहाँले सम्झिनुभयो ।

बालकुमारी थापा, उमा दिदी वा शारदा दिदी जे नामबाट चिनिए पनि मकवानपुरको पार्टी र महिला आन्दोलन मात्र हैन सिङगो देशको राजनीतिक आन्दोलनको धरोहर हुनुहुन्छ उहाँ । जस्तो सुकै अप्ठेरोमा पनि उहाँको अगाडि पुगेपछि उहाँका आत्मविश्वासी र निराश हुनुहुँदैन भन्ने भावनाले जो कोहीलाई पनि उत्साही बनाउँछ । ७५ वर्ष नाघिसक्दा पनि उहाँलाई आफ्नो स्वास्थ्यको होइन पार्टीको चिन्ता छ । पार्टी भित्र अनुशासन हराउँदै गएको चिन्ता व्यक्त गर्दै भन्नुहुन्छ, पार्टीले पार्टी सिद्धान्तअनुसार गरिब, विपन्न, भूमिहीन पछाडि पारिएकाहरुलाई अगाडि बढाउँदै ल्याउनुपर्नेमा अवसरवादीहरुलाई अवसर दिएर माथि माथि पुऱ्याउँदै गएको छ । यस प्रकारका प्रबृद्धि पार्टीमा वहालाई चिन्ता छ ।

सधैं सबैको अभिभावकको रुपमा दिदीको भुमिका रहिरहेको छ। मकवानपुरमा श्रद्धाले लिने नाम हो बालकुमारी थापा। समानताको पक्षमा र अन्याय अत्याचार विरुद्ध आवाज उठाइरहने परिवर्तन पक्षधर सशक्त नेता र दृढ आस्थाको धरोहरको नाम हो बालकुमारी थापा। उहाँप्रति हार्दिक सम्मान। ●